# सामाजिक सुरक्षा कोष (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६७

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६७।१२।७

प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "सामाजिक सुरक्षा कोष (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "कोष" भन्नाले नियम ३ बमोजिम स्थापित कोष सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले नियम ११ बमोजिम नियुक्त भएको कोषको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले श्रम तथा यातायात व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले नियम ५ बमोजिमको कोषको सञ्चालक समिति सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(च) "सामाजिक सुरक्षा कार्यक्रम (स्किम)" भन्नाले नियम १४ बमोजिम कोषले सञ्चालन गर्ने सामाजिक सुरक्षा कार्यक्रम सम्झनु पर्छ ।

३. **कोषको स्थापना :** (१) सामाजिक सुरक्षा कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :-

(क) प्रचलित कानून बमोजिम कोषमा जम्मा हुने रकम,

(ख) सामाजिक सुरक्षा कार्यक्रममा स्वेच्छिक रुपमा सहभागी हुन योगदानकर्ताले कोषमा बुझाउने रकम,



www.lawcommission.gov.np

(ग) नेपाल सरकारबाट प्राप्त हुने रकम,

(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त हुने रकम,

(ङ) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त हुने रकम,

(च) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(३) उपनियम (२) बमोजिमको रकम नेपाल राष्ट्र बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको खाताको सञ्चालन कार्यकारी निर्देशक र कोषको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४. **कोषमा रकम जम्मा गरिने :** प्रचलित कानून बमोजिम एकल व्यक्ति वा दम्पत्तीबाट असुल गरिने एक प्रतिशत करको रकम कोषमा जम्मा गर्नु पर्नेछ ।

५. **सञ्चालक समितिको गठन** : कोषको व्यवस्थापन तथा सञ्चालन गर्न देहाय बमोजिमको एक सञ्चालक समिति (बोर्ड अफ ट्रष्टिज) रहनेछ :-

(क) मन्त्रालयको सचिव -अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(ग) मन्त्रालयको सहसचिव -सदस्य

(घ) सहसचिव, कानून तथा न्याय मन्त्रालय -सदस्य

(ङ) सभापति, नेपाल उद्योग वाणिज्य महासंघ वा निजले तोकेको वरिष्ठ सदस्य -सदस्य

(च) सभापति, नेपाल उद्योग परिसंघ वा निजले तोकेको वरिष्ठ सदस्य -सदस्य

(छ) सभापति, नेपाल चेम्बर अफ कमर्श वा निजले तोकेको वरिष्ठ सदस्य -सदस्य

(ज) नेपाल सरकारले तोकेको ट्रेड यूनियन महासंघका तीन जना प्रतिनिधि -सदस्य

(झ) कार्यकारी निर्देशक -सदस्य-सचिव

६. **समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-



नेपाल कानून आयोग

(क) सामाजिक सुरक्षा कार्यक्रमको नीतिगत विषयमा नेपाल सरकारलाई सल्लाह सुझाव दिने,

(ख) कोषले सञ्चालन गर्ने सामाजिक सुरक्षा कार्यक्रमको प्रारुप तयार गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गर्ने र स्वीकृत भएपछि लागू गर्ने,

(ग) नेपाल सरकारबाट स्वीकृत सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने वा गराउने,

(घ) कोषमा जम्मा भएको रकम आय आर्जन हुने गरी सुरक्षित क्षेत्रमा लगानी गर्ने,

(ङ) कोषको लगानी नीति तयार गरी नेपाल सरकारको स्वीकृति प्राप्त गरे पछि कार्यान्वयन गर्ने,

(च) सामाजिक सुरक्षा योजना वा कार्यक्रम सम्बन्धी कानून तर्जुमा गर्ने,

(छ) कोषको वार्षिक बजेट, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ज) योगदानकर्ताको विवरण प्राप्त गरी अभिलेख अद्यावधिक गर्ने,

(झ) योगदानकर्ताहरुलाई परिचयपत्र वितरण गर्ने,

(ञ सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन गर्न अन्य आवश्यक कार्य गर्ने ।

७. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै कार्यकारी निर्देशकले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।





नेपाल कानून आयोग

(७) समितिले आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय कार्यकारी निर्देशकले प्रमाणित गरी राख्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **समितिले गर्न नहुने कामहरु** : समितिले देहायको कुनै काम गर्न वा गराउन हुँदैन :-

(क) कुनै जायजेथा धितो राखी वा नराखी सदस्यलाई वा निजको एकासगोलको परिवारको सदस्यलाई ऋण दिन,

(ख) “क” वर्गको बैंक बाहेक अन्य कुनै बैंक वा वित्तीय संस्थामा लगानी गर्न, वा

(ग) नेपाल सरकारको पूर्व स्वीकृति विना सदस्यलाई कुनै प्रकारको सुविधा उपलब्ध गराउन ।

९. **उपसमिति गठन गर्न सक्ने** : (१) कोषले गर्नु पर्ने विशेष प्रकारको कामको लागि समितिले एक वा सोभन्दा बढी सदस्यहरु समेत रहने गरी आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार तथा सुविधा समितिले तोके बमोजिम हुनेछ ।

१०. **बैठक भत्ता :** बैठकमा भाग लिए बापत समिति तथा उपसमितिका सदस्यहरुले पाउने बैठक भत्ता तथा अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

११. **कार्यकारी निर्देशक** : (१) कोषको प्रशासकीय प्रमुखको रुपमा कार्य सम्पादन गर्न एकजना कार्यकारी निर्देशक रहनेछ ।

(२) कार्यकारी निर्देशकको नियुक्तिको सिफारिस गर्न समितिले तीन जना सदस्यहरु रहेको छनौट उपसमिति गठन गर्नेछ ।

(३) उपनियम (२) बमोजिम गठित उपसमितिले अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यवस्थापन, श्रम वा कानून विषयमा कम्तीमा स्नातकोत्तर उपाधी हासिल गरेको र अधिकृतस्तरमा कम्तीमा सात वर्षको कार्य अनुभव भएका व्यक्तिहरुमध्येबाट खुल्ला

प्रतियोगिताद्वारा छनौट भएका तीन जना व्यक्तिहरु छनौट गरी नियुक्तिको लागि समिति समक्ष पेश गर्नेछ ।

(४) उपनियम (३) बमोजिम छनौट भएका तीन जना व्यक्तिहरुमध्येबाट समितिले योग्यता, अनुभव, नेतृत्व गर्न सक्ने क्षमता तथा निजले पेश गरेको कोष व्यवस्थापन तथा सञ्चालनको प्रोफाइलको मूल्यांकन गरी उपयुक्त व्यक्तिलाई कोषको कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ ।

(५) उपनियम (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको नियुक्ति नभएसम्म बढीमा एकवर्षको लागि राजपत्रांकित प्रथम श्रेणीको नेपाल सरकारको कुनै अधिकृतलाई नेपाल सरकारले कार्यकारी निर्देशकको पदमा काम गर्ने गरी तोक्न वा खटाउन सक्नेछ ।

(६) कार्यकारी निर्देशकको कार्यकाल चार वर्षको हुनेछ ।

(७) देहायको अवस्थामा समितिले कार्यकारी निर्देशकलाई निजको पदबाट हटाउन सक्नेछ :-

(क) यस नियम बमोजिम गर्नु पर्ने कार्यहरु कार्यान्वयन गर्न वा गराउन कार्य क्षमताको अभाव भएमा,

(ख) कोषको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको देखिएमा,

(ग) आफ्नो पद अनुसारको आचरण नगरेमा, वा

(घ) कार्य सम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको कार्य सम्पादनको उपलब्धि सन्तोषजनक नभएमा ।

(८) उपनियम (७) बमोजिमको कार्य गर्नु अघि समितिले तीन जना सदस्य रहेको एक छानवीन समिति गठन गरी सो समितिको प्रतिवेदनका आधारमा कार्यकारी निर्देशकलाई पदबाट हटाउन सक्नेछ ।

(९) उपनियम (८) बमोजिमको समिति गठन गर्ने समितिको बैठकमा कार्यकारी निर्देशकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

(१०) उपनियम (८) बमोजिमको छानवीन समिति गठन भएपछि कार्यकारी निर्देशकले आफ्नो पदीय कार्य गर्न पाउने छैन ।





नेपाल कानून आयोग

(११) कार्यकारी निर्देशकलाई आफ्नो पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने उचित अवसरबाट बञ्चित गरिने छैन ।

(१२) कार्यकारी निर्देशकको पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकारको स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ ।

१२. **कार्य सम्पादन सम्झौता गर्नु पर्ने** : (१) समितिले नियम ११ बमोजिम कार्यकारी निर्देशकको नियुक्ति गर्दा निजसँग कार्य सम्पादन सम्झौता गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्ति गर्दा कार्यकारी निर्देशकले सम्पादन गर्नु पर्ने कार्य, सोको कार्य योजना तथा सोको अनुगमन मूल्यांकन सूचक सम्बन्धी व्यवस्था कार्य सम्पादन सम्झौतामा उल्लेख गर्नु पर्नेछ ।

१३. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार** : कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ख) कोषको दीर्घकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) समितिबाट स्वीकृत दीर्घकालीन योजना र वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्ने वा गराउने,

(घ) कोषबाट भए गरेका कामहरुको प्रगति विवरण आवधिक रुपमा समितिमा प्रस्तुत गर्ने,

(ङ) कोषको दैनिक प्रशासन सञ्चालन तथा व्यवस्थापन गर्ने र मातहतका कर्मचारीको रेखदेख, नियन्त्रण, निर्देशन, अनुगमन र सुपरीवेक्षण गर्ने,

(च) कोषको चल, अचल तथा जिन्सी सम्पत्तिको अभिलेख राख्ने, संरक्षण र मर्मत सम्भार गर्ने गराउने,

(छ) समितिको निर्णय प्रमाणित गर्ने,

(ज) समितिले तोकेका अन्य कार्य गर्ने वा गराउने ।

नेपाल कानून आयोग

१४. **सामाजिक सुरक्षा कार्यक्रम (स्किम) सम्बन्धी व्यवस्था :** (१) कोषले योगदानकर्ताहरुको लागि देहायको सबै वा कुनै सामाजिक सुरक्षा कार्यक्रम (स्किम) सञ्चालन गर्न वा गराउन सक्नेछ :-

(क) बेरोजगारी बीमा योजना,

(ख) रोजगारीमा घाइते वा दुर्घटना बीमा योजना,

(ग) बिरामी बीमा योजना,

(घ) प्रसुति बीमा योजना,

(ङ) आश्रित बीमा योजना,

(च) अशक्तता बीमा योजना,

(छ) बृद्धावस्था बीमा योजना,

(ज) औषधोपचार बीमा (मेडिकल इन्सुरेन्स) योजना,

(झ) पारिवारिक बीमा योजना ।

(२) कोषले योगदानकर्ताहरुलाई उपनियम (१) बमोजिमका सामाजिक सुरक्षा कार्यक्रम चरणबद्ध रुपमा सञ्चालन गर्न सक्नेछ ।

(३) कोषले सञ्चालन गर्ने सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्राथमिकताका आधारमा गर्नेछ ।

१५. **सामाजिक सुरक्षा योजनामा सहभागिता :** (१) कोषले नेपाल सरकारको स्वीकृति लिई स्वेच्छिक रुपमा सामाजिक सुरक्षा योजनामा सहभागी हुन पाउने गरी सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशन गरेकोमा कोषले तोकेको शर्त र प्रकृया पूरा गरी कुनै निकाय, बोर्ड, समिति, केन्द्र, सार्वजनिक संस्थान तथा निजी क्षेत्रको प्रतिष्ठानमा कार्यरत व्यक्तिहरुले सामाजिक सुरक्षा योजनामा सहभागी हुन सक्नेछ ।

१६. **कोषको रकमको लगानी :** नेपाल सरकारको स्वीकृति लिई समितिले कोषको रकम नेपाल सरकार वा नेपाल राष्ट्र बैंकबाट जारी हुने ऋणपत्रमा लगानी गर्न वा प्रचलित कानून बमोजिम वित्तीय कारोबार गर्ने “क” बर्गको बैंकमा निक्षेपमा लगानी गर्न सकिनेछ ।





नेपाल कानून आयोग

१७. **लेखा र लेखा परीक्षण :** (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम  राखिनेछ ।

(२) कोषले नेपाल सरकारले तोके बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) कोषको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(४) नेपाल सरकारले चाहेमा जुनसुकै बखत समितिको हिसावकिताव जाँच्न वा जाँच गराउन सक्नेछ ।

(५) कोषले आफ्नो वासलात, आय व्यय हिसाव र सोसंग सम्बन्धित विवरण समेत खुलाई आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१८. **आय व्ययको विवरण सार्वजनिक गर्नु पर्ने :** (१) कार्यकारी निर्देशकले कोषले प्रत्येक चार महिनामा कोषको आम्दानी र खर्चको विवरण समितिमा पेश गर्नु पर्नेछ ।

(२) कार्यकारी निर्देशकले प्रत्येक आर्थिक वर्ष व्यतित भएको मितिले साठी दिनभित्र वार्षिक आय व्ययको विवरण सार्वजनिक गर्नु पर्नेछ ।

१९. **आवर्ति (रिभल्भीङ) कोष :** कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

२०. **बीमा वा पुनर्बीमा गराउन सक्ने :** कोषले सञ्चालन गरेको कुनै सामाजिक सुरक्षा कार्यक्रम बापत कोषले कुनै दायित्व लिएको भए त्यस्तो दायित्व बापतको जोखिम निर्वाह गर्न कोषले त्यस्तो कार्यक्रमको बीमा वा  पुनर्बीमा गराउन सक्नेछ ।

२१. **कोषको सचिवालय :** (१) कोषको सचिवालय काठमाडौ उपत्यकामा रहनेछ ।

(२) कोषले नेपाल सरकारको स्वीकृति लिई मुलुकभित्र आवश्यकता अनुसार क्षेत्रीय तथा शाखा कार्यालय खोल्न सक्नेछ ।

२२. **कर्मचारी सम्बन्धी व्यवस्था :** (१) कोषको काम कारबाहीलाई प्रभावकारी रुपले सम्पादन गर्न कोषमा आवश्यकता अनुसार कर्मचारीहरु रहनेछन् ।

(२) कोषमा कर्मचारीको आवश्यक व्यवस्था नहुञ्जेलसम्मको लागि कोषलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(३) कोषले नेपाल सरकारको स्वीकृति लिई आवश्यक पर्ने कर्मचारी अवधि तोकी सेवा करारमा लिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम करारमा लिइएका कर्मचारीको सेवाको शर्त, पारिश्रमिक र अन्य व्यवस्था करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(५) कोषमा कार्यरत कर्मचारीलाई नेपाल सरकारको स्वीकृति लिई समितिले कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता दिन सक्नेछ ।

२३. **नेपाल सरकारले निर्देशन दिन सक्ने :** (१) नेपाल सरकारले आवश्यकता अनुसार कोषलाई निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु कोषको कर्तव्य हुनेछ ।

२४. **नेपाल सरकारसँग सम्पर्क** : नेपाल सरकारसँग सम्पर्क गर्दा कोषले मन्त्रालय मार्फत गर्नु पर्नेछ ।

२५ **निर्देशिका तथा कार्यविधि :** (१) कोषको काम कारबाहीलाई व्यवस्थित गर्न समितिले आवश्यकता अनुसार निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) यस नियमावली र निर्देशिकाको अधीनमा रही समितिले कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

नेपाल कानून आयोग